नगर सन्देश
वा:पौ (साप्ताहिक)
कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अंक २२ ● ने.सं. ११४० चौलागा ६ (खस्थि) ● वि.सं. २०७७ बैशाख १ गते, सोमबार ● 2020 April 13 Monday ● पृष्ठ ८

अनलाइन संस्करण


# कीर्तिपुर नगरपालिकामा वडा मार्फत राहत वितरण

## ४११७ परिवारले राहत पायो

### कीर्तिपुर नगरपालिका असङ्गठीत क्षेत्रका श्रमिक र असहायहरुलाई वितरण गरिएको राहतको विवरण


| वडा नं. | राहत प्राप्त गर्ने परिवार सङ्ख्या | चमल (३० किलो) बोरा | दाल (२५ किलो) बोरा | तेल (लिटर) | नुन (किलो) | साबुन (वटा) | चिनी (५० किलो) बोरा |
|---|---|---|---|---|---|---|---|
| १ | ३२३ | १३५ | २० | ३२३ | ३२३ | ९६९ | १० |
| २ | ४१२ | १६५ | २५ | ४१२ | ४१२ | १२३६ | १३ |
| ३ | ४१८ | १७० | २६ | ४१८ | ४१८ | १२५४ | १३ |
| ४ | ६४० | २६० | ३९ | ६४० | ६४० | १९२० | २० |
| ५ | ६४० | २६० | ३९ | ६४० | ६४० | १९२० | २० |
| ६ | ४५६ | १८५ | २८ | ४५६ | ४५६ | १३६८ | १४ |
| ७ | १३८ | ६० | ९ | १३८ | १३८ | ४१४ | ५ |
| ८ | २४० | १०० | १५ | २४० | २४० | ७२० | ८ |
| ९ | ४९१ | १९५ | ३० | ४९१ | ४९१ | १४७३ | १५ |
| १० | ३५९ | १४५ | २२ | ३५९ | ३५९ | १०७७ | ११ |
| जम्मा | ४११७ | १६७५ | २५३ | ४११७ | ४११७ | १२३५१ | १२९ |

विश्व व्यापी माहामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड -१९) को कारणले नेपाल सरकारले यही चैत्र ११ गते देखि लकडाउन गरेको हुनाले दैनिक ज्याला र मजदुरी गरेर जिविका चलाउनेहरूलाइ कठिनाई भएको हुनाले कीर्तिपुर नगरपालिकाले चैत्र २७ गते बिहिवारदेखि राहत वितरण गरेको छ । यसभन्दा अगाडि चैत्र २५ गते कीर्तिपुर नगरपालिकामा कोरोना भाइरसको सङ्क्रमण र यसको प्रभाव न्यूनीकरण गर्ने सम्बन्धमा नगर प्रमुख रमेश महर्जनको अध्यक्षतामा कीर्तिपुरमा क्रियाशील प्रमुख राजनीतिक दलहरूको सर्वदलीय बैठक सम्पन्न भएको थियो।

प्रत्येक वडामार्फत वितरण गरिएको राहत कीर्तिपुर नगरपालिकाका उप-प्रमुख सरस्वती खड्काको नेतृत्वमा सर्वदलीय संयन्त्रका पदाधिकारीसमेत रहेको राहत अनुगमन समितिद्वारा अनुगमन गरेको थियो। चैत्र २७ गते भएको उक्त सर्वदलीय अनुगमनमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बाट बिकास महर्जन र दिलबहादुर महर्जन, नेपाली काँग्रेसबाट कृष्णमान डंगोल र नेपाल मजदुर किसान पार्टीबाट नारायण महर्जन र हरिकुमार महर्जन सम्मिलत हुनु भएको थियो।

चैत्र २७ गते वडा नं ३, ४, ६, ९ र १० ले राहत वितरण गरेको थियो भने वडा नं. १, ७ र ८ ले चैत्र २८ गते राहत

बाँकी पृष्ठ ३



## सम्पादकीय

# कोरोना पछि पनि सुन्दर संसार छ

विश्व कोरोना भाइरसको माहामारीको विरुद्ध युद्धरत छ। संसार कोरोना भाइरससँग त्रसित छ। संसारका प्राय सबै राष्ट्रमा कुनै न कुनै रूपको लकडाउन कायम छ। किनकि लकडाउन नै कोरोना भाइरस विरुद्धको सबभन्दा प्रभावकारी हतियार साबित भएको छ। थाहा छैन लकडाउनको यो अवस्था कहिलेसम्म लम्बिने हो । संसारको अनुभवले के देखाएको छ भने जहाँ लकडाउन प्रभावकारी रुपमा लागु भएको छ, त्यहाँ सङ्क्रमणको गति कमजोर छ भने जहाँ लकडाउन प्रभावकारी रुपमा पालना भएन, त्यहाँ सङ्क्रमणको प्रभाव र गति तीब्र बनेको छ।

आजसम्म कोरोना भाइरस सङ्क्रमण नियन्त्रण र रोकथाम गर्ने विज्ञानसम्मत कुनै प्रभावकारी उपाय र औषधी आविष्कार भएको छैन । यस्तो अवस्थामा कुनै पनि राज्यले लकडाउन लागु गर्नु र प्रत्येक नागरिकले लकडाउन पालना गर्नुको अर्को भरपर्दो विकल्प मानव जातिसँग रहेको छैन। मानव सभ्यताको इतिहासमा कोरोना भाइरसको यो माहामारी र सङ्कट नै पहिलो माहामारी र सङ्कट होइन। इतिहासमा प्रत्येक पटक देखापरेका सबै प्रकारका सङ्कट र माहामारी पछि पनि सुन्दर संसार लुकेको थियो। त्यसैले आज पनि यो कोरोना भाइरसको विश्वव्यापी माहामारी पछाडि पनि भोलिको सुन्दर संसार रहेको छ। जसले आज कोरोनाले पुऱ्याएको धनजनको क्षतिको क्षतिपूर्ति हुनेछ। तर यसका लागि आज हामी सबैमा सामूहिक जिम्मेवारी बोध हुनु जरुरी छ र व्यक्तिगत रूपमा सबै आत्मअनुसाशनमा रहनु भने जरुरी छ। यसो भयो भने हामीले आज मानव जातिविरुद्ध उभिएको यो कोरोना भाइरसलाई निश्चित रुपमा नियन्त्रण गर्न र पराजित गर्न सक्षम हुनेछौं।

अन्त्यमा हामी सबै नेपालीमा यो जिम्मेवारी बोध आओस् र व्यक्तिगत रुपले सबैले अनुशासित र मर्यादित भएर कोरोना भाइरस सङ्क्रमण विरुद्ध सचेतनापूर्वक सतर्कताका साथ आ-आफ्नो दैनिक तथा सामाजिक व्यवहार चलाउन सक्छौं। जसले भोलि बिहानको सुन्दर संसार निर्माण गर्नेछ। नगर सन्देश परिवार यही अपेक्षासहित सम्पूर्णमा नयाँ वर्ष २०७७ सालको हार्दिक तथा मङ्गलमय शुभकामना व्यक्त गर्दछ।

# "विश्व स्वास्थ्य सङ्गठनले बताएको कोरोना भाइरस सम्बन्धी १४ भ्रम" - २

**विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)द्वारा प्रकाशित जानकारीको नेपाली अनुवाद, साभार:संचार नेपाल डट कम**

८. अल्कोहल वा क्लोरिन छर्किंदा शरीरमा रहेको कोरोना भाइरस मर्छ भन्ने पनि कल्पना हो । यसरी शरीरमा भएको भाइरस मर्दैन किनकि यी दुबै चीजले शरीरको बाहिर मात्र सफाइ गर्छन्। शरीरभित्र गइसकेको भाइरस केवल औषधीले मात्र ठिक हुन्छ। यसको उपचार अल्कोहल वा क्लोरिन हुन सक्दैन। यो केवल बाहिरी छालाको लागि बचावको तरिका हुन सक्छ।

९. निमोनियाको खोपले कोरोनाबाट बचाउँछ भन्ने पनि कल्पना हो । न्यूमोकोकल भ्याक्सिन वा हिमोफिलस इन्फ्लुएन्जा टाइप बी भ्याक्सिनले कोरोना भाइरसको उपचार हुन सक्दैन। यसबाट कोरोनाबाट बचाव पनि हुँदैन । कोरोना भाइरस पूरै फरक हो। यो नयाँ हो र यसको औषधी अहिलेसम्म खोज्न सकिएको छैन । वैज्ञानिकहरू यसको भ्याक्सिन विकसित गर्न लागि परेका छन्।

> ## मेरो धारणा
>
> **कोरोना भाइरसको लागि कुनै विशेष औषधी बनिसकेको कुरा पनि सत्य होइन। विश्व स्वास्थ्य सङ्गठनका अनुसार यो भाइरसको लागि निश्चित औषधी उपलब्ध छैन। वैज्ञानिकहरु अहिले यो भाइरसलाई मार्ने वा सङ्क्रमणबाट बचाउने भ्याक्सिन तयार गर्न जुटेका छन्।**

१०. स्लाइनबाट नाक सफा गर्दा कोरोनाबाट बचिन्छ भन्ने पनि कल्पना हो। अहिलेसम्म यसरी कोरोना भाइरसबाट बच्न सकिन्छ भन्ने प्रमाण फेला परेको छैन। यो एक मानिसबाट अर्को मानिसमा फैलिन्छ। त्यो पनि हाच्छ्युँ वा खोकीका क्रममा नाक वा मुखबाट निस्कने थुक वा म्युकसको थोपाबाट।

११. लसुन खाँदा कोरोना भाइरको सङ्क्रमण हुँदैन भन्ने पनि कल्पना मात्र हो। विश्व स्वास्थ्य सङ्गठनले भनेको छ कि लसुन स्वास्थ्यको लागि लाभदायक खाद्यपदार्थ हो तर अहिलेसम्म यस्तो कुनै प्रमाण फेला परेको छैन जसबाट यो थाहा होस् कि लसुन खाँदा कोरोना भाइरसबाट बच्न सकिन्छ।

१२. कोरोना भाइरसबाट बृद्धहरू बढी सङ्क्रमित हुन्छन् भन्ने पनि कल्पना मात्र हो। यसको सङ्क्रमण जुनसुकै उमेर समूहका मानिसमा हुन सक्छ। तर, यो पनि सत्य हो कि सङ्क्रमित भइसकेपछि बृद्धहरूको शरीरमा हुने अन्य समस्याहरू जस्तै दम, मधुमेह, मुटु रोगलगायतका कारण भाइरस उनीहरूको शरीरमा धेरै शक्तिशाली हुन्छ। यसबाट उनीहरूलाई धेरै खतरा हुन्छ। युवाहरूमा भने रोग प्रतिरोधी क्षमता बलियो भएकोले उनीहरूलाई खतरा कम हुन्छ।

१३. एन्टिबायोटिक्सबाट कोरोना भाइरस ठिक हुन्छ भन्ने पनि कल्पना हो । विश्व स्वास्थ्य सङ्गठनले स्पष्ट पारेको छ कि कोरोना भाइरसको उपचारमा एन्टिबायोटिक्सले काम गर्दैनन्। यी औषधीहरूले केवल ब्याक्टेरिया मार्छन् भाइरसलाई होइन। एन्टिबायोटिक्सको उपयोग कोरोनाको लागि गर्नु हुँदैन किनकि कोभिड–१९ नयाँ भाइरस हो।

१४. कोरोना भाइरसको लागि कुनै विशेष औषधी बनिसकेको कुरा पनि सत्य होइन। विश्व स्वास्थ्य सङ्गठनका अनुसार यो भाइरसको लागि निश्चित औषधी उपलब्ध छैन। वैज्ञानिकहरु अहिले यो भाइरसलाई मार्ने वा सङ्क्रमणबाट बचाउने भ्याक्सिन तयार गर्न जुटेका छन्। उपचारका केही तरिकाहरू पनि अहिले परीक्षणको क्रममै छन्।

***समाप्त***

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# मेयरद्वारा खानेपानी मुहानको अवलोकन



कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले कीर्तिपुरको पानीको मुहानको अवलोकन गर्नुभएको छ। चैत्र २६ गते बुधबार पानीको मुहान भएको ठाउँ सीम झवाहिटी जानुभई पानीको अवस्थाको बारेमा बुझ्नु भएको छ। कीर्तिपुरमा पर्याप्त पानी नआइरहेको भन्ने जनगुनासो आइरहेकोले मुहानको पानीलाई कसरी व्यवस्थित गरिरहेको छ भन्ने कुराको अवलोकन गर्नुभएको हो।

सीम झवाहिटीमा केयूकेएलका कर्मचारी शंकर चेपाङ्गले मेयर महर्जनलाई मुहानको पानीलाई व्यवस्थितरुपमा सङ्कलन गरी व्यवस्थितरुपमै कीर्तिपुरमा पठाइरहेको जानकारी दिनुभएको थियो। स्मरणीय छ, सीम झवाहिटीको पानीको काठमाडौं खानेपानी लिमिटेड (केयूकेएल) ले व्यवस्थापन गरिरहेको हो।

# कीनपाद्वारा स्थापित आइसोलेसन वार्डको अवलोकन



विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका सम्भावित सङ्क्रमणहरूको उपचारार्थ सञ्चालनमा ल्याएको त्रिभुवन विश्वविद्यालयस्थित आइसोलसन वार्ड र उपचार कक्षको अवलोकन गरेको छ। क्वारेन्टाईन अनुगमन समितिका संयोजक तथा कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन र उपप्रमुख सरस्वती खड्काका साथै सो समितिका सदस्य तथा काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी (सिडिओ) जनकराज दाहालले चैत्र २६ गते बुधवार अवलोकन गर्नुभएको हो।

कीर्तिपुरको त्रिभुवन विश्वविद्यालयमा रहेको त्रिविकै जनस्वास्थ्य केन्द्रीय विभागमा ५० शैयाको आइसोलेसन तयारी अवस्थामा रहेको छ भने आयुर्वेदिक अनुसन्धान तथा तालिम केन्द्रमा कोरोना भइहालेको अवस्थामा उपचार गर्ने तयारी भइरहेको छ।

## कीर्तिपुर नगरपालिकाले . . .

वितरण गरेको थियो। त्यसै गरी वडा नं. ५ ले भने चैत्र २९ गते र वडा नं. २ ले चैत्र २९ र ३० गते राहत वितरण गरेको थियो। वडा नं. १ ले मैत्री नगर, त्यालँ चोक र वडा कार्यालय लायक्कुबाट वितरण गरेको थियो भने वडा नं. २ ले ख्वँयूलफाँट (मैत्रीनगर) र वडा कार्यालय (ईन्द्रायणी मन्दिर परिसर)बाट राहत वितरण गरेको थियो। वडा नं. ३ ले विश्व राष्ट्रिय माध्यमिक विद्यालयबाट, वडा नं. ४ ले बाघभैरव माध्यमिक विद्यालय गोदामबाट, वडा नं. ५ ले वडा भवन कन्या चौरबाट, वडा नं. ६ ले आदिनाथ मन्दिर, लनगोल र नेपाल टोललगायत स्थानबाट, वडा नं. ७ ले साल्भिनिया स्कूलबाट वितरण गरेको थियो भने वडा नं. ७ ले चैत्र २२ गते पनि सोही स्थानबाट राहत वितरण गरिसकेको थियो। वडा नं. ८ ले नवज्योती स्कुलबाट, वडा नं. ९ ले सामुदायिक भवन, बाहिरी गाउँ र नगाउँबाट वितरण गरेको थियो भने वडा नं. १० ले गाडीबाटै अमल्सि, त्यालँ लगायत स्थानबाट राहत वितरण गरेको थियो।

राहत वितरण गर्नको लागि वडा मार्फत विवरण सङ्कलन गरेको थियो। चैत्र २५ गते सम्म जम्मा ४११७ परिवारले विवरण बुझाएको थियो। राहत प्याकेजमा चामल, दाल, तेल, नुन, साबुन र चिनी उपलब्ध गराइएको थियो।

## कीर्तिपुर नगरपालिकाको अनुरोध

मिति २०७६ चैत्र २४ गते देखि विदेशबाट आउनु भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण गर्नका लागि स्वास्थ्य शाखाको समूह घर घरमै जाने भएको हुँदा आवश्यक सहकार्य र समन्वय गरिदिनु हुन हार्दिक अनुरोध छ।

अन्य जानकारीका लागि स्वास्थ्य शाखा प्रमुख श्री सन्तमान मानन्धर (९८४१३२९६०९) सँग सम्पर्क गर्नुहोला।

**कीर्तिपुर नगरपालिका**
**देवढोका, कीर्तिपुर**

# किपू नगरपालिकाय् नं कोरोना रापिड टेष्ट किट दत

कीर्तिपुर नगरपालिका स्वास्थ्य शाखाया ग्वसालय् छन्हुया अभिमुखीकरण ज्याभ्वः याःगु दु। किपू नगरपालिकां ५० शैयाया आइसोलेसन त्रिभुवन विश्वविद्यालयया जन स्वास्थ्य केन्द्रीय विभागय् दयेकातयेधुंकूगुलिं उगु आइसोलेसनय् ज्या याइपिं १२ म्ह स्वास्थ्यकःमितयूत आइसोलेसनय् विरामित वल धाःसा गथेयाना उपचार यायेगु धइगु खँय् उगु अभिमुखीकरण ज्याभ्वः याःगु खः। मू प्रशिक्षक कीर्तिपुर अस्पतालया नि. निर्देशक डा. पेरु प्रधानं कोरोना भइरसया संस्कापद् सङ्क्रमित त वल धाःसा न्हापां थःनं गुकथं बचे जुसें वासः यायेगु धइगु खँय् प्रशिक्षण बियादीगु खः।



किपू नगरपालिका अन्तर्गत स्वास्थ्य संस्थाय् ज्या यानाच्वंपिं स्वास्थ्यकःमिपिं व स्वास्थ्य शाखाय् हे कार्यरत प्यम्ह स्वास्थ्यकःमिपिं गुपिं गुगु नं इलय् परिचालन यायेफइकथं वयूकःपिंत नं प्रशिक्षण बियागु खः।

ज्याभ्वलय् किपू नगरपालिकाया उपमेयर सरस्वती खड्कां तालिमय् ब्वति कयादीपिं सकल स्वास्थ्यकःमिपिंत सुरक्षायालागिं माःगु दक्वं ज्वलंत नगरपालिकापाखें उपलब्ध यायेगु धयादिसें कोरोना सङ्क्रमित ल्वगित वःगु हे अवस्थाय् स्वास्थ्यकःमिपिं नं छेँय् वने मजीगु जूगुलिं उगु अवस्थाया लागि स्वास्थ्यकःमिपिंत नं आवश्यक सुविधासहितया च्वनेगु थाय् (क्वारेन्टाइन) या व्यवस्था यायेगु धयादिल।

किपू नगरपालिकाया स्वास्थ्य विभागया प्रमुख सन्तमान मानन्धरया कजिसुइ जूगु थुगु अभिमुखीकरण ज्याभ्वलय् प्रमुख मानन्धरं आःया थ्व इलय् सकलें हे सतर्क जुयाच्वनेमाःगु न्ह्यथनादिसें उकीया लागि कोरोना रापिड टेष्ट किट नं ८० गू हयेधुनागु जानकारी बियादिल। छुं न्हि न्ह्यः कोहलपुर व नुवाकोटं किपुलिई वःपिंत नं टेष्ट यानास्वयाबलय् सकसिगु नं नेगेटिभ वःगु जानकारी बियादिसें विष्णुदेवी अस्पतालयात कोरोनाया ल्याव टेष्ट यायेगु कथं दयेकेगु बारे सहलह जुयाच्वंगु नं स्वास्थ्य शाखा प्रमुख मानन्धरं जानकारी बियादिल।

# कीर्तिपुर सहकारी सञ्जालपाखें राहत हस्तान्तरण

किपुलिई च्वंगु ३२ गू सहकारीतयूगु मंकाः संगठन कीर्तिपुर सहकारी सञ्जालपाखें वंगु चैत २७ गते बिहिवाः मेडिकल मास्क र जाकि (राहत ज्वलं) किपू नगरपालिकायात हस्तान्तरण याःगु दु। मास्क १५ द्वःगू व २५ किलोया जाकि १०० बोरा हस्तान्तरण याःगु खः।

सञ्जालका कजि दिलबहादुर महर्जनं नगरपालिकाया मेयर रमेश महर्जनयात नगरपालिकाका छेँय् उगु ज्वलं हस्तान्तरण याःगु खः। राहत ज्वलं ३ लख ७ द्वः व



न्यासः दां बराबरया दुगु सञ्जालं पितब्यूगु विज्ञप्ति न्ह्यथंगु दु। उगु हस्तान्तरण ज्याभ्वलय किपू नगरपालिकाया उपमेयर सरस्वती खड्का लिसें ८ नं. वडाया अध्यक्ष विनोद महर्जनलगायत सञ्जालया दुजःपिनिगु नं ब्वति दुगु खः।

# किपू नगरपालिकां वंगु चैत्र २७ गते निसें असङ्गठीत क्षेत्रया श्रमिक व असहायतयत् प्रत्येक वडा पाखें राहत इनाब्यूगुया किपा ।




















**सहयोगी हात :** कोभिड-१९का कारण अति विपन्न परिवारहरूलाई राहत वितरण गर्न कीर्तिपुर नगरपालिकाले स्थापना गरेको आकस्मिक कोषमा देवढोका गुम्बाका सचिव तथा कीनपा २ का अध्यक्ष रमेशमान डंगोलको सक्रियतामा गुम्बाका स्याङ्पा रिम्पोछे (स्याङ्पा फाउण्डेशन) ले रु. ५ लाख सहयोग गर्दै कीनपाका मेयर रमेश महर्जनलाई चेक हस्तान्तरण गर्नु हुँदै। *तस्बिर : ज्ञानकुमार महर्जन*

# कीर्तिपुर नगरपालिकाको सूचना

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को सङ्क्रमणलाई रोकथाम तथा सजगता अपनाउनका लागि सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु। साथै यस्तो विपद्को अवस्थामा अन्य विरामी व्यक्तिहरूलाई अस्पतालसम्म सहज रुपमा पुऱ्याउनका लागि हाल भएका एम्बुलेन्सहरूको संख्या अपुग भएको हुँदा मानवीय सहयोगका रुपमा आफ्नो निजी गाडीलाई एम्बुलेन्सका रुपमा प्रयोग गर्नका लागि दिन चाहनु हुने ईच्छुक व्यक्तिहरूले गाडी नं., ड्राइभर भएको/नभएको विवरणसहित तपसिल बमोजिमका व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला।

| क्र.स. | सम्पर्क व्यक्ति | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री रमेश महर्जन | नगर प्रमुख | ९८५१०२५१२५ |
| २. | श्री सरस्वती रिजाल खड्का | नगर उप-प्रमुख | ९८५११९७८११ |
| ३. | श्री सन्तमान मानन्धर | स्वास्थ्य शाखा प्रमुख | ९८४१३२९६०९ |
| ४. | श्री परशुराम चौलागाईं | सूचना अधिकारी | ९८५१२१९८०५ |
| ५. | श्री ज्ञानबज्र महर्जन | सम्पर्क व्यक्ति | ९८४१३६६०८३ |

# कीर्तिपुर नगरपालिकाको अनुरोध

कोरोना महामारीको सामना गर्न निम्न कुराहरू पालना गरिदिनु हुन सम्पूर्ण नगरबासीहरूमा हार्दिक अनुरोध गर्दछ।

१. एउटा घरबाट एक जना मात्र बजारमा सामान किन्न निस्कनु हुन।
२. बजारमा सामानहरू (तरकारी आदि किन्दा) कम्तीमा पनि ३/४ दिनसम्म पुग्ने गरी किन्नु हुन।
३. बजारमा सामानहरू बिहान ६ बजेदेखि ८ बजेसम्म र साँझ ६ बजेदेखि ८ बजेसम्ममा किनिसक्नु हुन।

**कीर्तिपुर नगरपालिका**
देवढोका, कीर्तिपुर

# रेडक्रसद्वारा कम्बल हस्तान्तरण



नेपाल रेडक्रस सोसाइटीले कीर्तिपुर नगरपालिकालाई ५० थान कम्बल हस्तान्तरण गरेको छ। चैत्र २८ गते शुक्रबार नगरपालिकाको भवनमा उक्त कम्बल हस्तान्तरण गरेको थियो। नेपाल रेडक्रस सोसाइटी, काठमाडौं जिल्ला शाखाले उपलब्ध गराएको उक्त कम्बल रेडक्रस कीर्तिपुर उप-शाखाले कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्कालाई हस्तान्तरण गरेको हो।

उक्त कम्बल कीर्तिपुर नगरपालिकाले बनाइरहेको क्वारेन्टाइनमा प्रयोग गर्ने बताइएको छ भने उक्त हस्तान्तरण कार्यक्रममा कीर्तिपुर नगरपालिका वडा नं. ४ का अध्यक्ष राजेन्द्र बानियाको समेत उपस्थिति रहेको थियो।

---

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाडौं।
३ नं. प्रदेश, नेपाल।

मिति: २०७६/१२/३०

## कीर्तिपुर नगरपालिकाको सूचना

यस कीर्तिपुर नगरपालिकाले प्रकाशित गरेको विद्यार्थीहरुका लागि फारम राहत वितरण सम्बन्धी नभई तथ्याङ्क संकलनका लागि भएको व्यहोरा जानकारी गराईन्छ । सो तथ्याङ्क भावि दिनमा विभिन्न प्रयोजनका लागि प्रयोग हुने हुँदा यस कीर्तिपुर नगरपालिकाको वेवसाइट: www.kirtipurmun.gov.np मा भएको link मार्फत online फारम भर्नुहुन सम्पूर्ण विद्यार्थी वर्गहरुमा अनुरोध छ ।

रमेश महर्जन
नगर प्रमुख

---

## कीर्तिपुर नगरपालिकाको हार्दिक आह्वान

कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी संक्रमणबाट समस्त नेपालीहरुलाई बचाउन नेपाल सरकारले मिति २०७६/१२/११ गते देखि लक डाउन गरेको कारणबाट यस कीर्तिपुरमा बसोबास गर्ने दैनिक ज्यालामा काम गर्ने श्रमिक वर्ग तथा स्थानीयवासीलाई दैनिक जीवन यापनमा समेत समस्या देखिन आएको महशुस गरी नेपाल सरकारले कोहि पनि भोको नहोस् भन्ने अपेक्षा सहित राहतको कार्यक्रम घोषणा गरिसकेको सन्दर्भमा आवश्यक परिवारलाई खाद्यान्न /राहतको व्यवस्थापन गर्नका लागि कीर्तिपुर नगरपालिकाले रु.५० लाखबाट " आकस्मिक राहत कोष २०७६" स्थापना गरेको छ । सो कोषमा जम्मा हुने रकमको खर्च गर्ने कार्यविधि समेत तयार भैसकेकोले सहयोग गर्न ईच्छुक राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था, गैरआवासीय नेपाली, स्वदेशी विदेशी दाता निकाय, उद्योग, व्यवसायी, पेशाकर्मी, नागरिक समाज, संचार जगत, राजनैतिक दल, धार्मिक तथा परोपकारी संघसंस्था, निर्वाचित जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरु लगायत आम सर्वसाधारणमा कीर्तिपुर नगरपालिका हार्दिक आह्वान गर्दछ। साथै विश्वव्यापी विपत्तिको यस घडिमा आर्थिक/ नगद सहयोग गर्न चाहनुहुने व्यक्ति तथा संस्थाले यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक, कीर्तिपुर शाखाको खाता नं.१७००३०४०३८३०३ मा नगद जम्मा गरिदिनुहुन र वस्तुगत वा खाद्य लगायतका सामग्री सहयोग गर्न चाहनुहुने व्यक्ति तथा संस्थाले नगरपालिकाको विपद् व्यवस्थापन शाखामा सम्पर्क गरी सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| सरस्वती रिजाल खड्का | रमेश महर्जन |
| उप-प्रमुख | प्रमुख |
| सम्पर्क नं.९८५११९७८११ | सम्पर्क नं.९८५१०२५१२५ |

---

# कीर्तिपुर नगरपालिका

## कोरोना भाइरस (COVID-19) को माहामारीमा राहत वितरण गर्न सहयोगका लागि अपिल !!!

**बैंकको नाम**

**राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा**

**खाताको नाम**

**कीर्तिपुर नगरपालिका आकस्मिक कोष**

**खाता नं.**

**१७००३०४०३८३०३**

# आकस्मिक राहत कोषमा रु. ६ लाख २५ हजार सहयोग

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका कारण कीर्तिपुर नगरपालिका भित्रका असङ्गठीत क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई दैनिक जीवन यापनका लागि राहत वितरण गर्न गत चैत्र २१ गते शुक्रबार नगरपालिकाका मेयर रमेश महर्जनको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकबाट “आकस्मिक कोष” सञ्चालन गर्ने निर्णय गरेको थियो। नगरपालिकाले रु. ५० लाख राखी सञ्चालन गरेको सो कोषमा नगरपालिकाद्वारा सहयोगीहातहरूसँग पनि सहयोग गर्न अपिल गरेको थियो। जस अनुसार हालसम्म ९ वटा संघसंस्था/व्यक्तिबाट सहयोग गरेको छ भने जिन्सी सामानको पनि सहयोग भइरहेको छ।

कीर्तिपुर नगरपालिकाले रु.५० लाख (अक्षेरुपि पचास लाख मात्र) राखी कीर्तिपुर स्थित राष्ट्रिय बाणिज्य बैंकमा खाता नं. १७००३०४०३८३०३ को “कीर्तिपुर नगरपालिका आकस्मिक कोष” नामक खाता खोली सञ्चालन गरेको छ। जसमा हालसम्म ६ लाख २५ हजार ३६१ सहयोग भई कूल ५५ लाख ७५ हजार ३६१ भएको छ भने वडाकार्यालय मार्फत नगरपालिकाले गत चैत्र २७ गते देखि राहत वितरण समेत गरिसकेको छ। उक्त राहत सामाग्री खरीदका लागि सो कोषबाट रु.५१ लाख ९ हजार ४४४ खर्च समेत भइसकेको छ।

## आकस्मिक राहत कोषमा सहयोग गर्नु हुनेको नामावली

| | | |
|---|---|---|
| १. | स्याङ्पा रिम्पोछे (स्याङ्पा फाउण्डेशन) | रु. ५,००,०००।- |
| २. | सस दि नेवाः रेष्टुरेण्ट | रु. ५०,०००।- |
| ३. | दिपक पाण्डे | रु. २५,१०१।- |
| ४. | बैकुण्ठ प्रसाद शर्मा अधिकारी | रु. १०,,१५५।- |
| ५. | कृष्ण थापा (नेपाल एपिएफ) | रु. १०,१०५।- |
| ६. | सुरेश सिंह, त्यालँ | रु. १०,०००।- |
| ७. | बास निर्माण सेवा प्रा.लि. | रु. १०,०००।- |
| ८. | आकर्षण प्रधान | रु. ५,०००।- |
| ९. | उत्थानशिल नेपाल | रु. ५,०००।- |

## कीर्तिपुर नगरपालिकाको
## अत्यन्त जरूरी सूचना

विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नहुन हार्दिक अनुरोध गर्दछ।

डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५
डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५
डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९
डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५
डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८
डा. पूर्णिमा शाक्य (नि.मे.सु., विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४

साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ।

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com